**आ.व. ०८०/८१ को पाँचौ बैठक**

आज मिति २०८० साल कार्तिक १६ गते बिहिबारका दिन पाथीभरा याङ्वरक गाउँपालिकाका अध्यक्ष श्री **केशर कुमार सुब्बा** ज्यूको अध्यक्षतामा तपसिलमा उल्लेखित सदस्यहरुको उपस्थितिमा गाउँ कार्यपालिकाको बैठक बसी निम्न निर्णयहरु गरियो ।

**उपस्थिति:**

| क्र.स. | नामथर | पद | सम्पर्क नं. | दस्तखत |
|---|---|---|---|---|
| १ | श्री केशर कुमार सुब्बा | अध्यक्ष | ९८४२६६०११९ | |
| २ | श्री रनमाया गुरुङ | सदस्य | ९८४२६६००८४ | |
| ३ | श्री दिल कुमार सुनुवार | सदस्य | ९८५२६६०३५५ | |
| ४ | श्री बलुराम लिम्बु | सदस्य | ९८१५०९४१४० | |
| ५ | श्री पूर्ण बहादुर तिवारी | सदस्य | ९८४२७६९३३१ | |
| ६ | श्री बल बहादुर साम्सोहाङ | सदस्य | ९८१५९००२२६ | |
| ७ | श्री रमेश खालिङ | सदस्य | ९८१६९०५०८८ | |
| ८ | श्री जीतमान तामाङ | सदस्य | ९८०७९००३९९ | |
| ९ | श्री एलिसा इङ्नाम | सदस्य | ९८१५९२०४१० | |
| १० | श्री मुना नेपाली | सदस्य | ९८४११९१३८८ | |
| ११ | श्री जसोदा नेपाली | सदस्य | ९८४५६०९९५३ | |
| १२ | श्री इन्द्र बहादुर खवास | सदस्य | ९८१७९५७०३९ | |
| १३ | श्री पदम बहादुर कामी | सदस्य | ९८२४९८८४८२ | |
| १४ | श्री शोनिसा साम्यू लिम्बु | सदस्य | ९८१६०२९१०० | |
| १५ | श्री अभिषेक घिमिरे | सदस्य-सचिव | ९८५२६६०४६० | |

**अन्य**

लेखा सहायक श्री गोपाल भट्टराई

प्रा.स. श्री अर्जुन श्रेष्ठ

का.स. श्री कैलाश लिम्बु

इन्जिनियर श्री प्रदिप यादव

योजना शाखा प्रमुख श्री टंककला कार्की

<u>प्रस्तावहरु:</u>

१. अघिल्लो बैठकको समिक्षा गर्ने सम्बन्धमा।
२. बाटो मर्मतको भुक्तानी गर्ने सम्बन्धमा।
३. कानून मस्यौदा समिति गठन गर्ने सम्बन्धमा।
४. नागरिक वडापत्र संयोजन समिति गठन गर्ने सम्बन्धमा।
५. योजना किताब सञ्चालन सम्बन्धमा।
६. कफि नर्सरी सञ्चालन कार्यविधि-२०८० स्वीकृत गर्ने सम्बन्धमा।
७. "घ" वर्गको इजाजत प्रदान गर्ने सम्बन्धमा।
८. दुधमा आत्मनिर्भर तथा पारिवारिक पोषण सुधारका लागि गाई पालन कार्यक्रम सञ्चालन कार्यविधि-२०७८ संशोधन गर्ने सम्बन्धमा।

**निर्णयहरुः**

**निर्णय नं.१**

प्रस्ताव नं.-१ माथी छलफल गर्दा यस गाउँपालिका, गाउँकार्यपालिकाको अघिल्लो बैठकहरुको निर्णयहरुको कार्यान्वयनको स्थितिबारे प्र.प्र.अ. श्री अभिषेक घिमिरेबाट बैठकमा जानकारी भयो साथै कार्यान्वयन गर्न बाँकी रहेका निर्णयहरुलाई तत्काल कार्यान्वयन गर्ने सर्वसहमतिले निर्णय गरियो ।

**निर्णय नं.-२**

प्रस्ताव नं.-२ माथी छलफल गर्दा यस पाथीभरा याङवरक गाउँपालिकाभित्र रहेका तपसिल बमोजिमको सडकहरुको मर्मतसंभार भएको हुँदा, उक्त सडकहरु प्राविधिकको लागत अनुमान र कार्य सम्पन्न प्रतिवेदनको आधारमा भुक्तानी गर्ने सर्वसहमतिले निर्णय गरियो ।

**तपसिलः**

| क्र.स. | आयोजनाको नाम | भुक्तानीको स्रोत | रकम | कैफियत |
|---|---|---|---|---|
| १ | तारेभिर देखि सिवाखोला जाने मोटरबाटो | मर्मतसंभार कोष | | |
| २ | दिपज्योती जाने मोटरबाटो | मर्मतसंभार कोष | | |
| ३ | डाँडागाउँ-पालिका आउने मोटरबाटो सोलिङ | मर्मतसंभार कोष | | |
| ४ | चन्द्र प्रकाश मेन्याङ्बोको घरछेउको मोटरबाटो सोलिङ | मर्मतसंभार कोष | | |
| ५ | डाँडागाउँ-यमासेन मोटरबाटो वसन्तहाङ मेन्याङ्बोको बारी खण्डमा सोलिङ | मर्मतसंभार कोष | | |
| ६ | पूर्णेडाँडाको चौतारा छेउमा पहिरोमा गारो लगाएको | मर्मतसंभार कोष | | |
| ७ | फाक्से खण्डमा सोलिङ, वडा नं.-५ | मर्मतसंभार कोष | | |
| ८ | माखोजा-ख्वाङ मोटरबाटोमा घुम्ती सुधार, वडा नं.-४ | मर्मतसंभार कोष | | |
| ९ | १ नं. वडाका विभिन्न मोटरबाटोहरुको मर्मत | मर्मतसंभार कोष | | |

**निर्णय नं.-३**

प्रस्ताव नं.-३ माथी छलफल गर्दा यस पाथीभरा याङवरक गाउँपालिकालाई आवश्यक पर्ने कानूनको मस्यौदा गर्नको लागि नियमानुसार बैठक भत्ता पाउने गरी तपसिल बमोजिमको कानून मस्यौदा समिति गठन गर्ने सर्वसहमतिले निर्णय गरियो ।

**तपसिलः**

१. प्रमुख प्रशासकीय अधिकृत- संयोजक

२. कानून शाखा प्रमुख-सदस्य

३. आर्थिक प्रशासन शाखा प्रमुख-सदस्य

४. सम्बन्धित शाखाका शाखा प्रमुख-सदस्य

५. प्रशासन शाखा प्रमुख- सदस्य-सचिव

**निर्णय नं.-४**

प्रस्ताव नं.-४ माथी छलफल गर्दा यस पाथीभरा याङवरक गाउँपालिकाको कार्यालयले नागरिकहरुलाई प्रवाह गर्ने सेवाहरु समेटिएको नागरिक वडापत्र तयार गर्नको लागि नियमानुसार बैठक भत्ता पाउने गरी तपसिल बमोजिमको संयोजन समिति गठन गर्ने सर्वसहमतिले निर्णय गरियो ।

तपसिलः

१. प्रमुख प्रशासकीय अधिकृत- संयोजक

२. सूचना प्रविधि अधिकृत-सदस्य

३. प्रशासन शाखा प्रमुख- सदस्य-सचिव

**निर्णय नं.-५**

प्रस्ताव नं.-५ माथी छलफल गर्दा उपभोक्ता समितिमार्फत सञ्चालन हुने यस गाउँपालिकाको आयोजनाहरु सञ्चालन गर्दा योजना सञ्चालन किताबलाई कार्यान्वयनमा ल्याउने सर्वसहमतिले निर्णय गरियो ।

**निर्णय नं.-६**

प्रस्ताव नं.-६ माथी छलफल गर्दा यस गाउँपालिकाभित्र कफी खेती प्रवर्द्धन गर्नको लागि कफि नर्सरी सञ्चालन कार्यविधि-२०८० आवश्यक केही संशोधनसहित पारित गर्ने सर्वसहमतिले निर्णय गरियो ।

**निर्णय नं.-७**

प्रस्ताव नं.-७ माथी छलफल गर्दा श्री ओजस इन्जिनियरिङ्ग सोलुसन प्रा.लि. र श्री आर.क्युव. नेपाल कन्स्ट्रक्सन एण्ड कन्सल्टेन्ट प्रा.लि.को मितिः २०८०/०७/१२ प्राप्त "घ" वर्गको ईजाजत पत्र पाउँ भनि पेश भएको निवेदन उपर आवश्यक कारवाही गर्दा "घ" वर्गको ईजाजत पत्र सिफारिस समिति मितिः २०८०/०७/१२ गतेको प्रतिवेदनको आधारमा निर्धारित राजश्व लिई **श्री ओजस इन्जिनियरिङ्ग सोलुसन प्रा.लि. र श्री आर.क्युव. नेपाल कन्स्ट्रक्सन एण्ड कन्सल्टेन्ट प्रा.लि.**लाई "घ" वर्गको इजाजत पत्र प्रदान गर्ने सर्वसहमतिले निर्णय गरियो ।

**निर्णय नं.-८**

प्रस्ताव नं.-८ माथी छलफल गर्दा दुधमा आत्मनिर्भर तथा पारिवारिक पोषण सुधारका लागि गाई पालन कार्यक्रम सञ्चालन कार्यविधि-२०७८ देहाय बमोजिम संशोधन गर्ने सर्वसहमतिले निर्णय गरियो ।

देहायः

- परिच्छेद-२ को **५.५** मा रहेको "पशुसेवा शाखा कर्मचारीको" शब्द हटाउने ।
- अनुसूची-४ को नोटमा "प्राविधिक मूल्याङ्कनको उत्तीर्णाङ्क कम्तीमा ४० हुनु पर्नेछ। एक मात्र आवेदन परे मूल्याङ्कनमा बाधा पर्ने छैन" शब्द थप गर्ने ।